# नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली

## प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सम्बन्धी सूचना

### सुदूरपश्चिम प्रदेश

सूचना प्रकाशन मिति : २०८२/११/१४

नेपाल बीमा प्राधिकण, सुदूरपश्चिम प्रदेश कार्यालयबाट बीमाका विद्यमान कानुन, बीमा ऐन, बीमा नियमावली, निर्देशिका र परिपत्रहरुको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने, नवीन प्रतिभाहरुलाई आकर्षण गर्ने, विद्यार्थीहरुमा बीमा सम्बन्धी सिर्जनशीलता, विश्लेषण क्षमता र अनुसन्धानलाई प्रोत्साहन गर्ने एवम् शैक्षिक संस्था मार्फत् समुदाय स्तरमा बीमाको महत्त्व बारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश भित्र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको सहभागिता रहने गरी **"नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा लघु बीमाको भूमिका: सम्भावना, अवसर र चुनौती" (Role of Microinsurance in the Development of Nepal's Rural Economy: Prospects, Opportunities, and Challenges)** विषयमा प्रदेश स्तरीय निबन्ध प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा प्रतियोगितामा सहभागी हुन इच्छुक सम्पूर्ण विद्यार्थीहरुलाई **"नेपाल बीमा प्राधिकरण, निबन्ध लेखन प्रतियोगिता सञ्चालन प्रक्रिया"** बमोजिम देहायको नियम तथा सर्तहरुको अधीनमा रही तोकिएको शीर्षकमा निबन्ध पेस गर्न आवश्यक जानकारीको लागि यो सूचना आह्वान गरिएको छ ।

## नियम तथा सर्तहरू :

- निबन्ध प्रतियोगितमा भाग लिनको लागि सुदूरपश्चिम प्रदेश भित्रका विश्वविद्यालय तथा क्याम्पसहरुमा स्नातक तहमा अध्ययनरत हुनुपर्ने ।
- निबन्ध १५०० शब्दमा नबढ्ने गरी नेपाली वा अंग्रेजी भाषामा (नेपाली भाषा भए युनिकोड १६ र अंग्रेजी भाषा भए Times New Roman 12 फन्ट साइज) हुनुपर्ने ।
- प्रतियोगीले आफ्नो निबन्ध सूचना प्रकाशित मितिले ४५ दिन भित्र नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको इमेल ठेगाना Infospp@nia.gov.np मा हालसालै खिचिएको PP Size फोटो, आफू अध्ययनरत विश्वविद्यालय तथा क्याम्पसको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफारिसपत्र समेत संग्लन गरी पठाउनु पर्नेछ ।
- पेश हुन आएको निबन्धको मूल्याङ्कन देहायको मापदण्ड बमोजिम हुनेछ :-

| क्र.सं. | मापदण्ड | अंकभार | विवरण |
|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | ४० प्रतिशत | विषयबस्तु प्रष्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नविन विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

- यस कार्यालयमा प्राप्त भएका निबन्धहरुलाई "निबन्ध प्रतियोगिता व्यवस्थापन उपसमिति" मार्फत मूल्याङ्कन गरी उत्कृष्ट तीन निबन्धलाई प्रमाणपत्र सहित प्रथम, द्वितीय र तृतीय पुरस्कार रकम क्रमश: रु. १५,०००/-, रु. १०,०००/- र रु. ५,०००/- (कर समेत) प्रदान गरिने छ ।
- अन्य स्रोतहरुबाट साभार गरिएका वा Copy गरिएका निबन्धहरूलाई मुल्याङ्कनमा समावेश गरिने छैन । निबन्धको मूल्याङ्कन गरि निर्णय गर्ने सर्वाधिकार निबन्ध प्रतियोगिता व्यवस्थापन उपसमितिमा रहने छ ।
- प्राधिकरणबाट आ.व. २०८२/८३ भन्दा अगाडिका वर्षहरुमा आयोजित निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

थप जानकारीका लागि :

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली
फोन नं.- ०९१-५९००१८ ईमेल : infospp@nia.gov.np

# नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालय
## धनगढी, कैलाली

# बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना

## सुदूरपश्चिम प्रदेश

**सूचना प्रकाशन मिति : २०८२/११/१४**

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयबाट बीमा क्षेत्रमा नवीन प्रतिभाहरुलाई आकर्षण गर्ने, विद्यार्थीहरुमा बीमा सम्बन्धी सिर्जनशीलता, विश्लेषण क्षमता र अनुसन्धानलाई प्रोत्साहन गर्ने एवम् शैक्षिक संस्था मार्फत समुदाय स्तरमा बीमाको महत्वबारे सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले तपसिल बमोजिम हुने गरी **"बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता"** आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र तीन (३) जना विद्यार्थीहरु छनौट गरी विद्यालयको लेटरहेडमा छनौट गरिएका विद्यार्थीहरुको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचयपत्र सहित नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको इमेल ठेगाना infospp@nia.gov.np मा पठाइदिनहुन सुदूरपश्चिम प्रदेश स्थित सम्पूर्ण विद्यालयहरुलाई अनुरोध गरिन्छ ।

## तपसिल

१. हाजिरी जवाफ प्रतियोगितामा सुदूरपश्चिम प्रदेश भित्रका विद्यालयहरुमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु मात्र सहभागी हुनेछन् ।

२. एक विद्यालयको एउटा मात्र समूह हुनेछ ।

३. प्रतियोगितामा प्रश्नको प्रकृति र अंकभार तपसिल बमोजिम हुने छ ।

## तपसिल

| क्र.सं. | प्रश्नको प्रकृति | अंकभार |
|---|---|---|
| १ | नेपाल बीमा प्राधिकरण सम्बन्धी जानकारी | १० प्रतिशत |
| २ | बीमा व्यवसाय सम्बन्धी जानकारी (जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| ३ | बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| ४ | बीमा, अर्थतन्त्र र समसमायिक घटनाक्रम | २० प्रतिशत |
| ५ | बीमाका अन्तराष्ट्रिय अभ्यास | १० प्रतिशत |

४. प्रतियोगितामा उत्कृष्ट तीन समूहलाई प्रमाणपत्र सहित प्रथम, द्वितीय र तृतीय पुरस्कार रकम क्रमशः रु. २०,०००/-, रु. १५,०००/- र रु. १०,०००/- (कर समेत) प्रदान गरिनेछ ।

**थप जानकारीका लागि :**

**नेपाल बीमा प्राधिकरण**
**NEPAL INSURANCE AUTHORITY**
सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलाली
फोन नं.- ०९१-५९००१८ ईमेल : infospp@nia.gov.np